आज मिति २०७८ साल वैशाख १६ गतेका दिन बिहान ११:०० बजे यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री दिपा बोहोरा दाहाल ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गर्ने निर्णय गरीयो ।

## उपस्थिती

१. अध्यक्ष : श्री दिपा बोहोरा दाहाल

२. उपाध्यक्ष : श्री दिर्व सिं मुक्तान

३ . सदस्य : श्री विमल मान सिं मुक्तान

४. सदस्य : श्री भोज कुमार सिंजाली

५. सदस्य : श्री राम चन्द्र आचार्य

६. सदस्य : श्री शंकर बहादुर जर्गा

७. सदस्य : श्री कृष्ण राज दाहाल

८. सदस्य : श्री लक्ष्मी प्रसाद तिमल्सिना

९. सदस्य : श्री लाल बहादुर गोले

१०. सदस्य : श्री सन्तोष वि.क.

११. सदस्य : श्री सम्बर बहादुर माझी

१२. सदस्य : श्री सम्झना कोइराला

१३. सदस्य : श्री महिमा भुजेल

१४. सदस्य : श्री कृष्ण माया न्यौपाने

१५. सदस्य : श्री अस्मिता राई

१६. सचिव : श्री वसन्त न्यौपाने

१७. आमन्त्रितः अजय प्रधान

१८. आमन्त्रित :डण्डपाणी भण्डारी

## प्रस्तावहरु

१. तारजाली वितरण सम्बन्धमा ।

२. आठ कक्षाको परीक्षा व्यवस्थापन सम्बन्धमा ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

४. रकमान्तर/बजेट तथा कार्यक्रम सम्बन्धमा ।

५. कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।

६. सेवा प्रवाह तथा कार्यक्रमको समिक्षा सम्बन्धमा ।

७. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा ।

८. विविध ।

## निर्णयहरु

### निर्णय नं. १ :

प्रस्ताव नं. १ माथि छलफल गर्दा गाउँपालिकाबाट खरीद गरी स्टक राखिएको तारजाली निम्न वडामा निम्न प्रयोजनको लागि प्रयोग गर्ने सम्बन्धित वडाका विद्यालयहरु/संघ संस्था र व्यक्तिलाई उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | माग गर्ने व्यक्ति/संस्था/निकाय | ठेगाना | स्वीकृत परिमाण |
|---|---|---|---|
| १ | श्री चण्डेश्वरी आधारभूत विद्यालय चैनपुर | सु.गा.पा.-६, सिन्धुली | २० थान |
| २ | शिव थापा | सु.गा.पा.-६, सिन्धुली | १५ थान |
| ३ | चन्द्रदिप न्यौपाने | सु.गा.पा.-३, सिन्धुली | १० थान |
| ४ | मिश्रलाल बस्याल | सु.गा.पा.-५, सिन्धुली | १५ थान |
| ५ | विन्दा थापा | सु.गा.पा.-५, सिन्धुली | ५ थान |
| ६ | श्री आधारभूत विद्यालय, काँशीखर्क | सु.गा.पा.-५, सिन्धुली | ३० थान |
| ७ | डाल प्र. न्यौपाने | सु.गा.पा.-४, सिन्धुली | १२ थान |
| ८ | श्री कुमार राना | सु.गा.पा.-६, सिन्धुली | १२ थान |
| ९ | श्री आधारभूत विद्यालय घ्याम्पाटार | सु.गा.पा.-१, सिन्धुली | १५ थान |
| १० | रामलाल घलान | सु.गा.पा.-४, सिन्धुली | १२ थान |
| ११ | देवीस्थान गाउँबस्ती (दिनेश रायमाझी) | सु.गा.पा.-१, सिन्धुली | २० थान |
| १२ | रण ब. गुर्मछान,<br>जगत ब. मगर,<br>सुनमाया ठाडा | सु.गा.पा.-६, सिन्धुली | २० थान |
| १३ | खड्ग ब. राना,<br>हस्त ब. राना,<br>मेघ ब. राना,<br>टेक ब. राना,<br>श्याम ब. राना,<br>प्रकाश ब. राना,<br>सरस्वती राना | सु.गा.पा.-६, सिन्धुली | १८ थान |
| १४ | लक्ष्मी बहादुर दाहाल | सु.गा.पा.-५, सिन्धुली | १८ थान |
| १५ | विनायक आ.वि. कालिमाटी | सु.गा.पा.-३, सिन्धुली | २० थान |
| १६ | कालिका आ.वि. बन्दिपुर | सु.गा.पा.-५, सिन्धुली | २० थान |
| १७ | नानी राम दाहाल | सु.गा.पा.-५, सिन्धुली | १८ थान |
| १८ | जनज्योति प्रा.वि. रातमाटा | सु.गा.पा.-३, सिन्धुली | १० थान |

| | | | |
|---|---|---|---|
| १९ | कपिलेश्वर आ.वि. ढुंगेचौर | सु.गा.पा.-४, सिन्धुली | १५ थान |
| २० | रिता बसेल | सु.गा.पा.-५, सिन्धुली | १० थान |
| २१ | उखुबारी फाँट संरक्षण | सु.गा.पा.-३, सिन्धुली | १५ थान |
| २२ | आगे कुलो बाँध संरक्षण | सु.गा.पा.-३, सिन्धुली | १० थान |
| २३ | डुँडे फाँट संरक्षण | सु.गा.पा.-३, सिन्धुली | १० थान |
| २४ | मरुवा घट्ट फाँट (अगाडी) | सु.गा.पा.-३, सिन्धुली | १० थान |
| २५ | असीमुरे घारी | सु.गा.पा.-६, सिन्धुली | १५ थान |
| २६ | वडा नं. २ | | ४० थान |
| २७ | वडा नं. ७ | | ५० थान |
| २८ | काल्ढुंगा फाँट संरक्षण | सु.गा.पा.-४, सिन्धुली | ५ थान |
| २९ | सेवाले फाँट संरक्षण | सु.गा.पा.-४, सिन्धुली | ५ थान |
| ३० | बाँके फाँट संरक्षण | सु.गा.पा.-४, सिन्धुली | ५ थान |

*माथि उल्लेखित स्विकृत तारजालीहरु प्राविधिक कर्मचारीहरुको रोहवरमा व्यवस्थापन गरिनेछ र बाँकी रहेको तारजालीहरु गाउँपालिकाले निवेदन स्वीकृत गरी वितरण गरिनेछ ।*

## निर्णय नं. २ :

प्रस्ताव नं. २ माथि छलफल गर्दा आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन गर्न रु. ४,२३,६५०।- (अक्षरुपी रु. चार लाख तेइस हजार छ सय पचास मात्र) को अनुमान शिक्षा शाखाबाट पेश भएकोमा सो मध्ये रु. १,१२,५००।- (अक्षरुपी रु. एक लाख बाह्र हजार पाँच सय मात्र) सशर्त अनुदानबाट प्राप्त हुने र नपुर रु. ३,११,१५०।- (अक्षरुपी रु. तीन लाख एघार हजार एक सय पचास मात्र) गा.पा. बाट शिक्षा शाखा अन्तर्गत शिक्षक अनुदान शिर्षकमा छुट्याइएको बढी हुने रकमबाट खर्च गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३ :

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरु प्राविधिक लागत अनुमान गराई संचालन गर्ने भनी मिति - २०७७।१०।२७ मा कार्यपालिकाको बैठकबाट निर्णय भएको र सो निर्णय बमोजिम प्राविधिक लागत अनुमान तयार गरि निम्न वडामा निम्न अनुसारका आयोजना संचालन गरिएकोमा सो अनुमोदन गरी उक्त आयोजनाहरु प्रभावकारी रुपमा संचालन गर्ने निर्णय गरियो ।

### <u>तपशिल</u>

**युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका आयोजनागत विवरण यस प्रकार छ ।**

| क.सं. | योजनाको नाम | वडा नं. | कुल कामदार को संख्या | कुल बजेट | योजना सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | घ्याम्पाटार जलकेनी खानीगाउँ सडक नाली मर्मत तथा गोरेटो बाटो मर्मत | १ | १० | रु. ५,१७,०००।- | २०७७।१२।१८ |
| २ | रुपटार भोटेटार आपघारी बालुवा खानेपानी मर्मत तथा खेविस्थान कुलो मर्मत | १ | १० | रु. ५,१७,०००।- | २०७७।१२।०७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | गुठबजार रातमाटा बोहोरेटार सडक पानी निकास ढल व्यवस्थापन निर्माण मर्मत कार्य | ३ | २८ | रु. १४,४७,६००।- | २०७७।१२।१२ |
| ४ | ताम्लिङ सिम्पानी सुन्दरवस्ती सडक पानी निकास ढल व्यवस्थापन निर्माण मर्मत कार्य | ३ | १० | रु. ५,१७,०००।- | २०७७।१२।१८ |
| ५ | चौरबारी पहरे सम्मको मुलबाटो सुल्थुम गणेश मन्दिर दारेगौडा सिम्खेत सडक तथा गोरेटो बाटो मर्मत | ६ | १० | रु. ५,१७,०००।- | २०७७।१२।१२ |
| ६ | खहरे बसेरी भन्ज्याङ सम्मको बाटो र अर्चल खा.पा. मर्मत | ६ | १५ | रु. ७,७५,५००।- | २०७७।१२।०९ |
| ७ | चैनपुर बीचगाउ सडक मर्मत ड्रेन काट्ने तथा गोरेटो बाटो मर्मत | ६ | ७ | रु. ३,६१,९००।- | २०७७।१२।१० |
| ८ | माख्लो चैनप्र पैराको डिल राम्चे बेलबोट धोबिखोला बिसमुरे भदौरे गोरेटो बाटो मर्मत | ६ | १० | रु. ५,१७,०००।- | २०७७।१२।१२ |

**कामका लागि पारिश्रमिकमा आधारित आयोजना अन्तर्गतका आयोजनागत विवरण यस प्रकार छ।**

| क.सं. | योजनाको नाम | वडा नं. | कुल कामदारको संख्या | कुल बजेट | योजना सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | सिमलचौर घ्याम्पाटार गोरेटो बाटो निर्माण तथा रुपटार भोटेटार सडक नाली मर्मत | १ | १० | रु. ५,१७,०००।- | २०७७।१२।०८ |
| २ | आपघारी छाप सिमलचौर दारीमबोट दमैडाडा पाखाबारी गोरेटो बाटो तथा सडक नाली मर्मत | १ | १० | रु. ५,१७,०००।- | २०७७।१२।०९ |
| ३ | मालांगा देउराली आरुखोला गोरेटो बाटो निर्माण | १ | १० | रु. ५,१७,०००।- | २०७७।१२।०८ |
| ४ | पानीपोखरी दोबाटो गजुलीदह भन्ज्याङ कमेरे गोरेटो बाटो निर्माण | १ | १० | रु. ५,१७,०००।- | २०७७।१२।०९ |
| ५ | जंगेधारा दोभानडाडा ओखेनी फुटबल ग्राउन्ड सम्मको सडकमा ढुंगा सोलिङ | २ | १९ | रु.७,७६,०१७।- | २०७७।१२।२९ |
| ६ | ज्यामिरे ओम देखि बुद्ध मुर्ति निर्माण सम्म ढुंगा सोलिङ | २ | ९ | रु. ३,६७,५८७।- | २०७७।१२।२९ |
| ७ | साधी आधाबाटो भेडेखोला गोरेटो बाटो मर्मत | २ | १० | रु. ५,१७,०००।- | २०७७।१२।०९ |
| ८ | जंगेधारा देखि गाइखुरा महादेव सम्म सिढि निर्माण | २ | १७ | रु.८,७८,९००।- | २०७७।१२।१० |
| ९ | जुम्लीडाडा कालीमाटी गोरेटो बाटो निर्माण | ३ | ७ | रु. ३,६१,९००।- | २०७७।१२।२२ |
| १० | साहिडाडा मैनापुर केराबारी कालीमाटी सडक पानी ढल निकास व्यवस्थापन निर्माण कार्य | ३ | ९ | रु. ४,६५,३००।- | २०७७।१२।१२ |
| ११ | पिपलडाडा साधनबोट सडक पानी ढल निकास व्यवस्थापन निर्माण कार्य | ३ | ६ | रु. ३,१०,२००।- | २०७७।१२।१२ |
| १२ | डुडे खारखोला ढुंगेचौर लखनपुर डागी सडक ड्रेन मर्मत | ४ | १५ | रु. ७,७५,५००।- | २०७७।१२।१८ |
| १३ | टारी भोर्लेनी भदौरे कोटगाउ सुख्खा वाल ड्रेन निर्माण | ४ | १५ | रु. ७,७,५५००।- | २०७७।१२।१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | कोटगाउ महादेवटार सुख्खा वाल ड्रेन निर्माण | ४ | १५ | रु. ७,७५,५००।- | २०७७।१२।१८ |
| १५ | सहिदगेट खहरेगाउ डिहि बेतिनी सडक ड्रेन तथा सोलिङ निर्माण निमाबि काशिखर्क ग्याबिन निर्माण | ५ | ४२ | रु. १७,१५,४०६।- | २०७७।१२।२९ |
| १६ | देउराली चुली सडक मर्मत देउराली चुली मुल बाटो मर्मत र देउराली अमारे सडक ड्रेन मर्मत | ६ | ८ | रु.४,१३,६००।- | २०७७।१२।१० |
| १७ | अमारे आम्बोटे ओढारे सडक ड्रेन रुपताल शिवालय मर्मत देविस्थान बाह्रमुरे मुलबाटो मर्मत | ६ | १५ | रु. ७,७५,५००।- | २०७७।१२।०९ |
| १८ | धोबिखोला भन्ज्याङ चोरधारा भुत्थुम मुलबाटो र नागी जाने गोरेटो बाटो मर्मत | ६ | १२ | रु. ६,२०,४००।- | २०७७।१२।२२ |
| १९ | चुच्चे ढुंगा भलायाटार घारीगोठ सार्किगैरा गणेश मन्दिर सडक मर्मत तथा बतासे कामीटार गोरेटो बाटो मर्मत | ६ | १५ | रु. ७,७५,५००।- | २०७७।१२।२२ |
| २० | गड्यौले खोल्सा पुलदेखि सुनकोसी गोरेटो बाटो निर्माण तथा सितलपाटी भुमेथान मन्दिर निर्माण | ६ | ७ | रु. ३,६१,९००।- | २०७७।१२।१२ |
| २१ | आरुबोट सल्ले चालिसे सडक ड्रेन निर्माण | ७ | १३ | रु. ६,७२,१००।- | २०७७।१२।२२ |
| २२ | धोबिखोला मझुवा रमिते सडक ड्रेन निर्माण | ७ | २५ | रु. १२,९२,५००।- | २०७७।१२।२२ |
| २३ | कानढुंग्री गैरीगाउ सडक ड्रेन निर्माण | ७ | १७ | रु. ८,७८,९००।- | २०७७।१२।२२ |

## निर्णय नं. ४ :

प्रस्ताव नं. ४ माथि छलफल गर्दा रकमान्तर / बजेट तथा कार्यक्रम निम्न शिर्षक कार्यक्रममा बजेट अपुग हुने, बजेट नभएको र खर्च गर्न आवश्यक भएकोले निम्न कोषबाट निम्नानुसार रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि विपद व्यवस्थापन कोषबाट रु. १०,००,०००।- र आकश्मिक कोषबाट रु. १०,००,०००।- गरी जम्मा रु. २०,००,०००।- विनियोजन गर्ने निर्णय गरियो जसमा औषधि खरिदको लागि रु. ७,००,०००।- र क्वारेन्टाइन व्यवस्थापन लगायत अन्य कार्यको लागि रु. १३,००,०००।- खर्च गर्ने निर्णय गरियो ।

ख) छपाई पत्रपत्रिका सूचना तथा संचारमा समपूरक कोषबाट रु. ५,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

ग) राष्ट्रिय परिचय पत्रको शिविर व्यवस्थापन कार्यक्रम संचालनको लाीग तपसिलका वडाहरुमा तपसिल बमोजिमको रकम समपूरक कोषबाट विनियोजन तथा खर्चको लागि स्वीकृत गर्ने निर्णय गरियो :

| वडा नं. | विनियोजित रकम |
|---|---|
| १ | रु. ७०,०००।- |
| २ | रु. ८०,०००।- |
| ३ | रु. ६०,०००।- |

| | |
|---|---|
| ४ | रु. १,००,०००।- |
| ५ | रु. १,००,०००।- |
| ६ | रु. १,००,०००।- |
| ७ | रु. १,००,०००।- |
| **जम्मा** | **रु. ६,१०,०००।-** |
| | **अक्षरेपी रु छ लाख दश हजार मात्र** |

घ) गाउँपालिकाबाट वडा कार्यालयमा उपलब्ध गराइएको विद्युत सामग्री सम्बन्धित वडामा ढुवानी र विद्युत व्यवस्थापन गर्न विद्युत सामग्री खरिद गर्दा बचत भएको समपूरक कोषबाट रु. ५ लाख विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

ङ) नेपालथोक प्रहरी चौकी शौचालय निर्माण गर्न विपद् व्यवस्थापन कोषबाट रु. १,५०,०००।- (अक्षरुपी रु. एक लाख पचार हजार मात्र) विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

च) पदाधिकारी इन्धन खर्च समपूरक कोषबाट रु. २ लाख विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

छ) श्री सहस्रधारा आ.वि. नांगेडाँडा, वडा नं. ५ मा इन्टरनेट जडानमा नपुग रकम रु. १,७०,०००।- समपूरक कोषबाट विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि सुनकोशी गा.पा. को विपद् व्यवस्थापन समितिको मिति २०७८/०१/१४ गते बसेको बैठकले निर्णय पारीत गरी गाउँ कार्यपालिकामा अनुमोदनका लागि पेश हुन आएको कोभिड-१९ रोकथाम तथा नियन्त्रण सम्बन्धी तपशील बमोजिमका निर्णयहरु अनुमोदान गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

निर्णय नं. १ :

सुनकोशी गाउँपालिका क्षेत्रका विद्यालय तथा शिक्षालयमा भौतिक उपस्थितीमा हुने पठनपाठन र पूर्व निर्धारित सबै प्रकारका परिक्षाहरु अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने र विद्यालय प्रशासन खुल्ला राख्ने निर्णय गरियो ।

निर्णय नं. २ :

जिल्ला प्रशासन कार्यालय, सिन्धुलीको च.नं. ४२७७, मिति २०७८/०१/१३ को पत्रबाट अनुरोध भई आएनुसार नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोश्रो लहरको प्रकोप रोकथाम र नियन्त्रणको लागि निम्न स्थानमा, निम्न संख्यामा क्वारेन्टाइन र आइसोलेसन बेड निर्माण गरी पूर्व तयारीमा राख्ने निर्णय गरियो ।

**तपसिल :**

क) सुनकोशी क्याम्पसको नवनिर्मित भवन संचालनमा नआएकोले सो भवनमा ५० बेडको क्वारेन्टाइन निर्माण गर्ने ।

ख) आत्मीय सामुदायिक अस्पताल, खाल्टेमा २ (दुई) बेडको आइसोलेशन निर्माण गर्न र सो को जानकारी सम्बन्धित अस्पताललाई गराउने ।

निर्णय नं. ३ :

कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्यसँग सम्बन्धित तपशिल बमोजिमका अत्यावश्यक सामाग्री खरिद गर्नका लागि गाउँकार्यपालिकासँग अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

क) अक्सिमटर (Oxymeter) : १५ थान

ख) सर्जिकल मास्क : ५००० गोटा

ग) ह्याण्ड सेनिटाइजर : ५० ml को ३००० गोटा
१०० ml को १००० गोटा
५०० ml को १०० गोटा

घ) इग्जामिनेशन ग्लोब्स : ५० प्याकेट

ङ) PPE Set : ३५ सेट

च) स्प्रेयर (Sprayer) : ५० लि.

छ) Oxygen Flow Meter : ७ थान

निर्णय नं. ४ :

नयाँ भेरिएण्ट सहितको कोभिड-१९ महामारीको दोश्रो लहरको प्रकोप, रोकथाम र नियन्त्रणको लागि निम्न कार्य गर्ने निर्णय गरियो :

क) सञ्चार माध्यमबाट जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

ख) स्वास्थ्य शाखाले जिल्ला स्वास्थ्य कार्यालयसँग समन्वय गरी स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र लगायत स्वाथ्य युनिटहरुलाई स्वास्थ्य समस्या निवारणको लागि तयारी अवस्थामा राख्ने ।

ग) कार्यालयबाट सेवा प्रवाह गर्दा जनस्वास्थ्यका न्यूनतम् मापदण्ड पूरा गर्ने ।

घ) सुनकोशी गाउँपालिका क्षेत्र भित्र भएका रेडक्रस उपशाखाहरु र आत्मीय सामुदायिक अस्पताल, खाल्टेलाई एम्बुलेन्सलाई तयारी अवस्थामा राख्न निर्देशन गर्ने र कोभिड-१९ सँग सम्बन्धित बिरामीका लागि प्रयोग हुने एम्बुलेन्सको व्यय भार गाउँपालिकाबाट सम्बन्धित उपशाखालाई उपलब्ध गराने ।

ङ) एम्बुलेन्स चालकहरुलाई आवश्यक पर्ने स्वास्थ्य सामग्रीहरु गाउँपालिकाले रेडक्रस उपशाखालाई उपलब्ध गराउने ।

च) भारत र काठमाडौंबाट आएका व्यक्तिहरुको जानकारी सम्बन्धित वडा कार्यालय र प्रहरी कार्यालयहरुले गाउँपालिकालाई विवरण सहित जानकारी गराउने ।

निर्णय नं. ५ :

नयाँ भेरिएण्ट सहितको कोभिड-१९ महामारीको दोश्रो लहरको प्रकोप, रोकथाम र नियन्त्रणको लागि सहयोग गर्न सुनकोशी गाउँपालिकाको नागरिक समाज, शैक्षिक संस्था, वित्तीवय संस्था, सहकारी, राजनैतिक दलहरु, रेडक्रस, अस्पताल, स्वास्थ्य संस्थाहरु लगायत सम्पूर्ण जनसमुदाय र निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ :

कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि सुनकोशी गाउँपालिका वडा नं. १ को प्रहरी चौकी नेपालथोकमा विगत वर्ष झैं हेल्थडेक्स संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिका र वडा कार्यालयमा सिमित श्रोत साधन र मौजुदा जनशक्तिले जनमैत्री ढंगले सेवा प्रवाह भई रहेको र आगामी दिनमा यसलाई थप प्रभावकारी बनाउँदै कार्यपालिकाबाट भएका बजेट तथा कार्यक्रम सम्बन्धी निर्णय पूर्ण रुपमा कार्यान्वयन गर्दै लैजाने ।

**निर्णय नं. ७ :**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सहरी विकास मन्त्रालय अन्तरगत सघन शहरी तथा भवन निर्माण आयोजना, रामेछापबाट मिति २०७७/१०/०८ च.नं. २६३ को पत्रबाट अनुरोध भई आएनुसार वडा कार्यालयले सूचना प्रकाशन गरी निवेदन संकलन गर्न यस गाउँपालिकाको कार्यालयबाट सबै वडा कार्यालयमा मिति २०७७/१०/१५ मा पत्राचार गर्दा पनि निवेदन संकलन गरी हालसम्म विवरण प्राप्त नभएकोले पूर्व पत्रानुसार माग भएको विवरण सबै वडा कार्यालयहरुले १५ दिन भित्रमा निवेदन संकलन गरी गाउँपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

प्रस्ताव नं. ८, विविध माथि छलफल गर्दा २०७६/०७७ मा भएको आर्थिक कारोबारको महालेखा परीक्षकको कार्यालयबाट रु. ३ करोड १६ लाख बेरुजु औंल्याएको प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा सो को सम्परिक्षण गर्न र असुल उपर गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।